# सैनामैना नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

☎ +९७७-७१-४४०५५३
४४००७८


प.सं.:
च.नं.:

मिति २०८३/०३/०३

सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारे अन्यन्त जरूरी सूचना ।

सहकारी संस्थाहरुबाट ऋण लिइ निर्धारित समय भित्रै सोको साँवा व्याज चुक्ता गर्नका लागि पटक पटक ताकेता गर्दा समेत केही सदस्यहरुले ऋण चुक्ता नगरेका कारण सहकारी संस्थाहरुमा सदस्यको बचत फिर्ता गर्न समस्या परेकाले ऋण असुलीमा सहजिकरण गर्न सहकारी संस्थाहरुबाट अनुरोध भै आएको सन्दर्भमा यो सूचना प्रकाशित गरिएको छ ।

सहकारी संस्था सदस्यहरूको साझा स्वामित्व, पारस्परिक सहयोग र विश्वासको आधारमा सञ्चालित संस्था भएकाले यसका सबै सदस्यहरूको जिम्मेवार भूमिका अपरिहार्य हुन्छ। सहकारीबाट प्राप्त ऋणको नियमित तथा समयमै भुक्तानी हुँदा संस्थाको वित्तीय अवस्था सुदृढ रहनुका साथै अन्य सदस्यहरूले पनि आवश्यकता अनुसार सेवा तथा सुविधा प्राप्त गर्न सक्ने वातावरण कायम रहन्छ।

हाल केही ऋणी सदस्यहरूबाट ऋणको किस्ता, साँवा तथा ब्याज नियमित रूपमा भुक्तानी नभएको पाइएकाले यसले समग्र सहकारी प्रणालीमा असर पार्ने अवस्था सिर्जना हुन सक्दछ। सहकारी संस्थाबाट प्राप्त ऋणको भुक्तानी गर्नु सम्बन्धित सदस्यको कानुनी, नैतिक तथा संस्थागत दायित्व भएकाले समयमै भुक्तानी गर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

सैनामैना नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थाका ऋणी शेयर सदस्यहरूलाई आफ्नो दायित्वप्रति सचेत भई बाँकी रहेको ऋणको साँवा, ब्याज तथा किस्ता निर्धारित समयभित्र भुक्तानी गरी सहकारी संस्थाहरूको वित्तीय सुदृढीकरण, बचतकर्ताहरूको हित संरक्षण तथा सहकारी क्षेत्रप्रतिको जनविश्वास अभिवृद्धिमा सहयोग पुऱ्याउन हार्दिक अनुरोध गरिन्छ।

०३/०३

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख